6071313

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३६९/२०७१/०७२
निर्णय नं.३१३

दार्चुला जिल्ला गोकुलेश्वर गा.वि.स. वडा नं. ९ बस्ने बासुदेव विष्ट ......................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, खानेपानी तथा सरसफाई कार्यालय, दार्चुला ...............................१ विपक्षी
सूचना अधिकारी, खानेपानी तथा सरसफाई कार्यालय, दार्चुला ...............................१

विषय :- आवश्यक कागजात पेश नगरेकोले तामेलीमा राख्नू ।

दार्चुला जिल्ला गोकुलेश्वर गा.वि.स. वडा नं. ९ बस्ने बासुदेव विष्टले खानेपानी तथा सरसफाई कार्यालय, दार्चुला समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७१।१२।२६ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगको मिति २०७१।१२।२९ को च.नं. ८२० पत्रबाट पुनरावेदकसँग आवश्यक कागजात माग गरिएको । उपर्युक्त अवस्था पछि हालसम्म आवश्यक कागजातहरु स्वयं निवेदकबाट प्राप्त हुन नसकेकोले निजले आवश्यक कागजात सहित नियमानुसार उजुरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुंदा हाललाई प्रस्तुत पुनरावेदनलाई तामेलीमा राखिएको छ । यसको लगत तामेलीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।